मे ३, २००६
काठमाण्डौं, नेपाल

दक्षिण तथा मध्य एशिया मामिला संम्बन्धि विदेश सहायक मन्त्री रिचार्ड ए. बाउचर को वक्तव्य

यहाहरुसंग यस विश्व प्रेस स्वतन्त्रता दिवसका दिनमा भेट्न पाउदा म ज्यादै नै खुशी छु। सन १९९३ मा संयुक्त राष्ट्संघले घोषणा गरे अनुसार यो दिन विश्वमा स्वतन्त्र संचारका लागि गरिएका बलिदानहरुको सम्मान गर्ने गरिन्छ साथै संयुक्त राष्ट्संघ मानव अधिकार घोषणापत्रको अध्याय १९ अनुरुप स्वतन्त्रता पूर्वक बोल्न पाउने अधिकारको सम्मान र संरक्षण गर्न सरकारहरुलाई स्मरण गराउने पनि यसको उद्देश्य हो। नेपालका तपाईं पत्रकार, सम्पादक र प्रकाशकहरु जसले संचार माथि अन्यायपूर्ण प्रतिबन्धको सामना गर्नु भयो, यहांहरुले लोकतन्त्रका निम्ति सूचनाको निर्बाध प्रवाह महत्वपूर्ण भएको कुरा बुझ्नुभएको छ। संचार स्वतन्त्रता आमजनतालाई सुसुचित पार्न र नेपाललाई शान्त, सम्बृद्ध एवं लोकतान्त्रिक बनाउन तपाईहरुले गर्नु भएको समर्पणका लागि बधाइ दिन चाहन्छु।

म नेपालमा भइरहेका रोमान्चक विकासक्रम जसले विश्वको ध्यान तानेको छ , आफै हेर्न यहां आएको हुं। लोकतन्त्र ल्याउने प्रयासबाट नेपाली जनताले आफ्नो र आउने पिडीका लागि ठूलो जित हासिल गरेका छन्।

अब पुनर्बहाली गरिएको संसदले जनतासंग नजिक रहेर एउटा प्रभावशाली, उत्तरदायी र स्थायी लोकतान्त्रिक सरकार गठन गरेर शान्तिको बाटो पहिल्याउनु पर्नेछ।

म हिजो यहां आएदेखि प्रधानमन्त्री कोइराला, संसद सदस्यहरु, सरकारी अधिकारीहरु दलका र नागरिक समाजका नेताहरुसंग भेटें। यो एकदमै फलदायी भ्रमण भएको छ। मेरा सबै भेटहरुमा संयुक्त राज्य अमेरिकाको नेपाल र नेपाली संगको मित्रताको चर्चा गरें।

नेपालमा विकासका नयां लहरहरु आउने छ भन्ने हाम्रो आशा छ र यसका लागि हामीबाट हुनसक्ने कुनै पनि किसिमको सहयोगका बारेमा मैले जोड दिएको छु। म यसै प्रतिबद्धता यहांहरुका सामु आज पनि दोहोर्याउन चाहन्छु।

धन्यबाद। म अब यहांहरुको प्रश्न लिन तयार छु।